STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

जाति, धर्म वर्ण लिङ्गका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि बढौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १२ गते बुधबार ❑ 26 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २१-

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ओपीडी सेवा बन्द भएपनि इमर्जेन्सिबाट सेवा लिन सकिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ जेठ**

पोखरा क्षेत्रको सवै भन्दा ठुलो सरकारी अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) मा मंगलबारदेखि ओपीडी सेवा बन्द भए पनि गम्भिर बिरामीको इमर्जेन्सिबाट समेत सेवा लिन सकिने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निर्देशन अनुसार प्रतिष्ठानको ओपीडी सेवा मंगलबार देखि ठप्प भएको बताएका प्रतिष्ठानका निर्देशक प्रा.डा.भरत बहादुर खत्रीले इमर्जेन्सि वार्ड बाट समेत गम्भिर प्रकारका बिरामीहरुको उपचार गर्न सकिने बताएका छन् । यस अघि कोभिड उपचार केन्द्र सहित मेडिकल वार्डबाट समेत कोरोनाको उपचार गर्दै आएको प्रतिष्ठानले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निर्देशन अनुसार मंगलबार देखि ओपीडी सेवा बन्द गरे पनि तत्काल १० वेडको आइसुलेसन वेड थप गर्ने भएको छ । पहिलाको प्रि–आइसुलेसन वार्डलाई पुनः आइसुलेसन वार्डको रुपमा प्रयोग गरिने भएको निर्देशक प्रा.डा. खत्रीले जनाए । उनको पहलमा आजदेखि इमर्जेन्सि वार्डमा एन्टिजेन परिक्षण समेत हुन थालेको छ । हरेक दिन विहान ९ बजे र दिउँसो २ बजे एन्टिजेन परिक्षण गर्ने जसले करिब ३० मिनेटमै नतिजा दिने दिदा सेवाग्राहीलाई सहज हुने प्रा.डा.खत्रीको भनाई छ । इमर्जेन्सिमा भर्ना भएकाहरुको पिसिआर परिक्षणको रिपोर्ट आउन दुई तीन दीन लाग्ने हुदा उनीहरुलाई अस्पतालमा व्याबस्थापन गर्नु पर्ने जसले गर्दा भिडभाड भएकोले गर्दा हाल उत्तः विधिबाट परिक्षण गर्दा कम भिडभाड र सेवाग्राहीलाई सहज हुने उनले जनाए ।

कोरोनाका बिरामी अझ थप बढी आएमा ओपीडी बाहेकका अन्य सेवाहरु समेत प्रभावित पारी सवै ध्यान कोभिडमा केन्द्रित हुने उनले जनाए । अन्य समयमा दैनिक चौध सय बिरामी ओपीडीमा आउने गरेकोमा कोरोनाको यो महामारीमा पनि प्रतिष्ठानमा दैनिक २ सय जना सेवाग्राहीहरु सेवा लिन आउन थालेको निर्देशक प्रा.डा. खत्रीले जनाए । हालै प्रतिष्ठानको निर्देशकमा नियुक्ति भएका निर्देशक प्रा.डा. खत्रीले आफ्नो वलबुताले भ्यायसम्म सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिन आफुहरु कटिवद्ध भएको बताए।

केही बिरामीलाई शंका लागेमा वा स्वास्थ्यकर्मीले कुनै शंका लागेमा समेत एन्टिजेनबाट नेगेभिट आएको व्यक्तिको पुनः पिसिआर परिक्षण समेत हुने व्यबस्था मिलाएको प्रा.डा. खत्रीले बताए । प्रतिष्ठानमा ओपीडीमा अन्य समयमा दैनिक १ हजार ४ सयसम्म सेवाग्राहीहरु आउने गरे पनि पछिल्लो यो कोरोनाको मामारीमा समेत दैनिक जसो २ सय जना सेवाग्राहीहरु आउने गरेको प्रतिष्ठानले जनाएको छ । संघिय सरकारको निगरानीमा रहेको प्रतिष्ठानलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पूर्णरूपमा कोभिड–१९ का सङ्क्रमितको उपचार व्यवस्था गर्न निर्देशन दिन बमोजिम आफुहरु त्यस तर्फ केन्द्रित भएको प्रा.डा. खत्रीले बताए । बतास फाउण्डेसनका अध्यक्ष आनन्द बतासको सक्रियतामा पोखरामा नागरिक स्तरबाट प्रतिष्ठानमा अक्सिजन प्लान्ट स्थापना गर्ने प्रकृया अघि बढेसँगै मेसिन राख्ने ठाँउको लागि गृहकार्य गरेको उनले जनाए।

प्रतिष्ठानले प्रेस विज्ञप्ति जारी गर्दै प्रतिष्ठानमा सञ्चालनमा रहेको ओपिडी सेवा अर्को सूचना जारी नभएसम्मको लागि कोभिड केन्द्रिय उपचार केन्द्र हुने भएको छ । प्रतिष्ठानमा बुधबार देखि प्रि–आइसुलेसन कक्षमा थप १० वेड वृद्धि गरी कोडिभ उपचार केन्द्रको रुपमा विकास गरी बच्चा वार्डमा केही दिनमा थप ४० वेड थप्ने योजना रहेको प्रतिष्ठान कोभिड उपचार केन्द्रका संयोजक डा.शरदचन्द्र बरालले बताए । प्रतिष्ठानमा हाल दैनिक जसो ३ सय ६० वटा अक्सिजन ग्याँस सिलिण्डर खपत हुदै आएको उनले जनाए । कोरोनाको गम्भिर प्रकारका बिरामीको कारण अक्सिजन ग्याँस व्यबस्थापन गर्न निकै हम्मे हम्मे भएको प्रमुख डा.बरालले जनाए । प्रतिष्ठानले अबको केही हप्तामा समेत हाले निर्माण भएको नयाँ प्रसुती वार्डको भवनमा करिब एक सय वेडको कोरोना उपचार केन्द्रको रुपमा विकास गर्न समेत हाल अक्सिजन पाइपको जडान लगायतको काम भएको प्रतिष्ठानले जनाएको छ । अस्पतालमा हाल पनि करिब ७८ जना कोरोनाका बिरामीहरु रहेको संयोजक बरालले जनाए।

## कास्कीका पाँच दलद्वारा राष्ट्रपति र प्रधानमन्त्रीको कदम विरुद्ध एकजुट हुन आव्हान

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ जेठ**

कास्कीका क्रियाशील पाँच राजनीतिक दलले राष्ट्रपति र प्रधानमन्त्रीबाट प्रतिनिधि सभा विघटन गरी प्रतिगमनकारी कार्य भएको भन्दै त्यस कदम विरुद्ध एकजुट हुन आव्हान गरेका छन्।

नेपाली जनताको लामो आन्दोलन, संघर्ष र बलिदानबाट स्थापित नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र एवं नेपालको सर्वोपरी राष्ट्रिय हितको रक्षाका लागि दृढतापूर्वक अगाडि बढ्न आव्हान गरिएको छ । कास्की कांग्रेसका सभापति कृष्ण केसी, नेकपा (माओवादी केन्द्र) कास्की सचिव बखानसिंह गुरुङ, नेकपा (एमाले) कास्कीका अध्यक्ष धनराज आचार्य, जसपा कास्कीका अध्यक्ष गिरिप्रसाद गुरुङ र राजमो कास्कीका कोषाध्यक्ष विष्णु पूरीले मङ्गलबार संयुक्त विज्ञप्ति प्रकाशित गरी त्यस्तो आव्हान गरेका हुन् । विज्ञप्तिमा राष्ट्रपति र प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरी मुलुकमा राजनीतिक अनिश्चय, अन्योल र अराजकता सिर्जना गरेको ठहर गरिएको छ । प्रतिनिधि सभालाई रातारात विघटन गरी राष्ट्रपति र प्रधानमन्त्रीले असंवैधानिक, अलोकतान्त्रिक, स्वेच्छाचारी, निरंकुश र र प्रतिगमनकारी कार्य गरेको भन्दै निन्दा र भर्त्सना गरिएको छ।

विज्ञप्तिमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट संवैधानिक दायित्व निर्वाह नभएको र उल्टै प्रधानमन्त्री केपी शर्मा ओलीसँगको मिलेमतोमा वदनियतपूर्ण प्रतिनिधि सभा विघटन गरी नेपालको सविधान र लोकतन्त्रमाथि नै प्रहार गरिएको उल्लेख छ।

प्रतिगामी कदमबाट मुलुक नयाँ राजनीतिक ध्रुविकरण र जटिलतातर्फ धकेलिएको भन्दै निर्वाचन नगराई आफ्नो निरंकुश सत्ता लम्ब्याउने दुराशयबाट घोषित आम निर्वाचनले कोरोना महामारीको भयावह अवस्था सामना गरिरहेका जनताको जीवनलाई झन् गम्भीर संकटमा धकेलिदिएको जनाइएको छ।

## एक हप्तासम्म आएन पिसिआर रिपोर्ट

**पोखरापत्र संवाददाता**
**दमौली, ११ जेठ**

तनहुँको व्यास नगरपालिकाले गत जेठ २ र ३ गते स्वाब सङ्कलन गरी परीक्षणका लागि पोखरा पठायो।

कोरोना सङ्क्रमण बढेपछि नगरपालिकाले पिसिआरको दायरा बढाउँदै स्वाब सङ्कलन गरी परीक्षणका लागि पठायो । स्वाब पठाएको एक हप्ता बित्दा समेत प्रदेशले रिपोर्ट पठाएको छैन । रिपोर्ट आउनै ढिला भएपछि कोरोना जोखिम झन् बढेको नगरपालिकाले जनाएको छ । व्यास नगरपालिका–१० का एक व्यक्तिले स्वाब दिएको एक हप्तासम्म पनि रिपोर्ट नआउँदा मानसिक तनाव भएको बताए । नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले रिपोर्ट ढिलाई भएकोबारे प्रदेश जनस्वास्थ्य प्रयोगशालासँग जानकारी माग गरिएको बताए। "पिसिआर रिपोर्ट आउन ढिलाई भएकाले समस्या भएको छ, के कारणले ढिलाई भएको हो जानकारी मागेका छौं", न्यौपानेले भने । नगरपालिकामा हालसम्म ६ सय ५९ जनाको पिसिआर स्वाब परीक्षण गरिएकामा तीन सय ५७ जना सङ्क्रमित भई एक सय २२ जना सङ्क्रमणमुक्त भइसकेका छन्। त्यसमध्ये दुई सय २४ जना उपचारको क्रममा छन् भने ११ जनाको मृत्यु भएको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशालाले भने प्रदेशभरबाट स्वाब थुप्रिएकाले रिपोर्टमा ढिलाई भएको बताएको छ। स्वास्थ्य कार्यालयका अनुसार जिल्लाबाट पठाइएका तीन सय ५८ जनाको रिपोर्ट आउन बाँकी छ । व्यास नगरपालिकाको एक सय ७९, भिमाद नगरपालिकाको ७६, ऋषिङ्ग गाउँपालिकाको १६, देवघाट गाउँपालिकाको २७, बन्दीपुर गाउँपालिकाको ३१ र आँबुखैरेनी गाउँपालिकाको २९ जनाको रिपोर्ट आएको छैन । वैशाख १ गतेदेखि यता तनहुँमा एक हजार एक सय ७३ जनालाई कोरोना सङ्क्रमण भएकामा दुई सय २६ जना निको भई हाल ९ सय १६ सक्रिय सङ्क्रमित रहेको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिए। जिल्लामा वैशाख १ गतेदेखि ३१ जनाको मृत्यु भएको छ।

## आठ हजार ६३६ मा संक्रमित थपिए

**रासस**
**काठमाडौं, ११ जेठ**

पछिल्लो २४ घन्टामा आठ हजार ६३६ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार २२ हजार ३०६ पिसिआर र ६३० एन्टिजिन परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको छ। कुल सङ्क्रमितको सङ्ख्या ५ लाख २८ हजार ८४८ पुगेको छ। देशभर कोरोनाको सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख १७ हजार २६१ पुगेको छ । मंगलबार छ हजार ४०४ जना सङ्क्रमण मुक्त भएका छन् । निको हुनेको सङ्ख्या चार लाख ४ हजार ८८७ पुगेको छ। सङ्क्रमणबाट मंगलबार १६९ को मृत्यु पुगेको छ। ज्यान गएको छ। मृतकको कुल संख्या छ हजार ७ सय पुगेको छ।

## गण्डकी प्रदेशसभाको अधिवेशन जेठ १६ लाई सिफारिश

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ जेठ**

गण्डकी प्रदेशसभाको अधिवेशन जेठ १६ गते आइतबार दिनको १ बजे आव्हान गर्न प्रदेश सरकारले प्रदेश प्रमुख सीताकुमारी पौडेल समक्ष सिफारिश गरेको छ।

गण्डकी प्रदेश सरकारको मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले नेपालको सविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेशसभाको अधिवेशन आव्हान गर्न प्रदेश प्रमूख समक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता मन्त्री रामशरण बस्नेतले जानकारी दिए। प्रवक्ता बस्नेतका अनुसार नेपालको संविधानको धारा १६६ को उपधारा २ बमोजिम प्रदेश सरकारले उक्त सिफारिस गरेको हो । यसअघि वैशाख २ गते विपक्षी दलहरूले प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेर प्रदेशसभाको विशेष अधिवेशन माग गर्दै तत्कालिन प्रदेश प्रमुख अमिक शेरचन समक्ष निवेदन बुझाएका थिए। प्रदेश प्रमूख शेरचनले वैशाख १३ गते सोमबार दिउँसो २ बजेका लागि बैठक आह्वान गर्नु भएको थियो । त्यस दिन जनमोर्चाका एक प्रदेससभा सदस्य सम्पर्कमा नआएपछि बैठक स्थगित भएको थियो ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकको अर्को निर्णय भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको प्रदेश सडक सम्बन्धी विधेयकको निर्माणको सैद्धान्तिक स्वीकृत दिएको छ।

## सभामुखद्वारा पूर्वसभामुखसँग राय परामर्श

**रासस**
**काठमाडौं, ११ जेठ**

सभामुख अग्निप्रसाद सापकोटाले मुलुकमा विकसित पछिल्लो राजनीतिक घटनाक्रम र निकासका सम्बन्धमा पूर्वसभामुखसँग मंगलबार परामर्श गर्नुभएको छ।

नयाँ वानेश्वरस्थित सङ्घीय संसद भवनमा उहाँले प्रतिनिधिसभा विघटनपछि उत्पन्न परिस्थितिबारे राय परामर्श लिनुभएको हो । छलफलपछि पूर्वसभामुख रामचन्द्र पौडेलले जनप्रतिनिधिको थलो सदनबाटै सबै समस्याको समाधान खोज्नुपर्नेमा सदनभन्दा बाहिर गएर निकास खोज्नुपर्ने परिस्थितिप्रति गम्भीर चिन्ता प्रकट गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "एकतातिर व्यवस्था र अर्कातर्फ कारोनाबाट जनताको रक्षागर्नु पर्ने बेलामा चुनावले जनताप्रति धेरै ठूलो आपत्ति वर्षाउँछ। यो परिस्थितिमा अहिले दुवै संकटबाट निकास दिने जिम्मेवारी न्यायालयको बन्न पुगेको छ।"

नेपाली काँग्रेसका वरिष्ठ नेता पौडेलले जनताको भावना र मुलुकको परिस्थितिअनुकूल निकास दिन र संसदका बहुसंख्यको आकांक्षा एवं चाहनालाई बुझेर बजेटपूर्व नै छिटोभन्दा छिटो अदालतबाट निर्णय आउने विश्वास व्यक्त गर्नुयो । देशको विशिष्ट परिस्थितिमा संविधान बनेको र हाम्रो संसदीय प्रणाली पनि आफ्नै विशेषताअनुकुलको रहेको उहाँले सविधानको धारा ७६ को ५ मा पुगेपछि दलीय व्यवस्थामा सांसद पनि आफ्नो स्वविवेकीय अधिकार राख्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## खोप खरिदको अनुमति माग्दै वालिङ नगरपालिका

**श्रीकृष्ण सिग्देल**
**वालिङ, ११ जेठ**

जिल्लाका ११ स्थानीय तह मध्ये कोरोना संक्रमणबाट आक्रान्त बनेको वालिङ नगरपालिकाले कोरोना बिरुद्धको खोप उपलब्ध गराइदिन अनुरोध गरेको छ।

कोभिड विरुद्धको खोप उपलब्ध गराइदिन वा खोप खरिदको अनुमति दिन वालिङ नगरपालिकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गरेको हो। नगरपालिकामा संक्रमित संख्या बढ्दै जाँदा नगरप्रमुख दिलिपप्रताप खाँणले मन्त्रालयलाई पत्र लेखेर नगरबासीले खोपको माग गरेकाले 'कि मन्त्रालयबाट उपलब्ध गराइयोस्, कि हामीलाई खरिद गर्ने अनुमित दिइयोस' भन्दै पत्रमा आग्रह गरिएको छ । नगर भित्र संक्रमण बढ्दो भएकाले र यसको रोकथामको एउटै मात्र बिकल्प खोप रहेकाले मन्त्रालयसँग अनुमति मागेको नगर प्रमुख दिलिपप्रताप खाँणले बताए। कोरोना भाइरस संक्रमण रोकथाम, उपचार, नियन्त्रण र व्यवस्थापनका लागि खोप बाहेक अर्को बिकल्प नदेखिएकाले अनुमति माग्नु परेको खाँणले बताए । एक व्यक्तिका लागि दुई खोप लगाउनुपर्ने र यसका लागि ८ डलर लाग्ने भएकाले गरिब तथा विपन्न वर्गलाई नगरपालिकाले निशुल्क खोप उपलब्ध गराउने गरी तयारीमा जुटेको खाँणले बताए।

जिल्लाका अन्य स्थानीय तहमा भन्दा वालिङमा संक्रमण बढ्दो र मृत्यु हुने संख्या पनि बढ्दो रहेकोले नगरपालिकाले यसको रोकथामका लागि पत्राचार मार्फत तत्काल खोप उपलब्ध गराउन माग गरेको हो । दोस्रो लहरको नयाँ भेरियन्ट सहितको कोरोना संक्रमणबाट वालिङ नगरपालिकामा अहिले सम्म ५ सय ६३ जनामा संक्रमित देखिएको छ भने २ सय ६९ जना निको भएका नगर स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेले बताए । मृत्यु हुने संख्या २४ र १० जना संक्रमितलाई गह्रौ नगर अस्पतालमा उपचार भएको र अन्यको होम आइसोलेसनमा उपचार भइरहेको पाण्डेले बताए। संक्रमण घट्दो रुपमा जान थालेको होकी भन्ने देखिएपनि गाँउ गाँउमा कोरोना लक्षण देखिएका बिरामी रहेको थाहा हुन आएपनि टेष्टका लागि नआउदा संक्रमण अझै बढ्दो रुपमा रहेको उनको भनाई छ।

मंगलबार साझ सम्म जिल्ला स्वास्थ्य कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार संक्रमितको संख्या १७ सय ८३ पुगेको जनाएको छ भने मृत्यु हुने ७९ पुगेको छ। एक महिनाको नतिजा हेर्दा मृत्यु हुने संख्या र संक्रमितको संख्या निकै कम आएको आज देखिएको छ। मंगलबार ५९ जना संक्रमित थपिएका छन् भने २ जनाको निधन भएको छ। यो एक महिनाको अबधीमा सबै भन्दा थोरै संख्या रहेको छ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरामा पत्रकार गणेश पौडेलको सम्झना

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

कोरोना संक्रमणका कारण निधन भएका पत्रकार जगन्नाथ पौडेल (गणेश) को स्मृतिमा श्रद्धाञ्जलीसभा आयोजना गरिएको छ।

पौडेलको निधन भएको १३औं दिनको पूण्य तिथिका दिन नेपाल पत्रकार महासंघ कास्कीले श्रद्धाञ्जलीसभा आयोजना गरेको हो । श्रद्धाञ्जली सभामा अग्रज पत्रकार एवं पत्रकारका नेताहरुले गणेश पौडेल अत्यन्तै मिलनसार र सहहृदयी मित्र भएको भन्दै स्मरण गरे । उनीहरुले शुत्रलाई पनि मित्रवत व्यवहार गर्ने पौडेलको निधनले पत्रकारिता जगतमा अपूरणीय क्षति पुगेको बताए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता पगेनी तिमिल्सिनाले पत्रकार गणेश पौडेलका परिवारका सदस्यलाई रोजगारीमा लगाउन महासंघले पहल गर्नुपर्नेमा जोड दिंदै आफूले पनि यस्ता कार्यमा सघाउने प्रतिवद्धता जनाइन् । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले कोभिडको बहानामा कुनै पनि मिडिया हाउसले पत्रकार निष्काशन गर्न नहुने भन्दै यस्तो



गरेको पाइएमा पत्रकार महासंघ चुप लागेर नबस्ने चेतावनी दिए।

पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले टेलिभिजन पत्रकारिता जगतमा उदाउँदो व्यक्तित्व पौडेलको निधनले कहीं न कही अभाव महसूस हुने बताइन्।

उनले पौडेलको परिवारजनलाई आवश्यक परेको सहयोग गर्न महासंघ प्रतिवद्ध रहेको स्पष्ट पारिन् । महासंघ प्रत्येक पत्रकारको साथमै रहेको र हरेक दुःखमा साथ दिने भन्दै अध्यक्ष भण्डारीले कोभिड खोप लगाउन बाँकी रहेका पत्रकारलाई तत्काल खोपको व्यवस्था गर्न माग गरिन्।

साथै उनले कोरोना महामारीमा अत्यन्तै जिम्मेवार र सजग भएर खटिन आग्रह गरिन्। महासंघका पूर्व अध्यक्ष नारायण कार्कीले सहयोद्धा पौडेलको निधनले सिंगो पत्रकार जगत स्तव्ध भएको भन्दै उनलाई बिर्सन निकै गाह्रो पर्ने बताए।

कोरोनाको दोश्रो लहर निकै खतरनाक र घातक रहेको भन्दै कार्कीले जोगिएर काम गर्न आग्रह गरे । उनले कोरोना संक्रमणले छोइहालेमा कत्तिपनि नआत्तिन, पोषिलो, झोलिलो पद्धार्थ खान र पुदिनाको पात धेरै भन्दा धेरै प्रयोग गर्न पनि आग्रह गरे। कोभिड भएका व्यक्तिले खानेकुरामा नै धेरै भन्दा धेरै ध्यान दिनुपर्नेमा कार्कीले जोड दिए । नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष नवीन सिग्देल, प्रेस संगठनका अध्यक्ष सन्देश श्रेष्ठ, पत्रकार अपिल त्रिपाठी, महासंघका सचिव माधव बरालले गणेश पौडेलको निधनले सिंगो पत्रकारिता जगत नै स्तव्ध भएको बताए।

महासंघका अध्यक्ष बिमला भण्डारीको अध्यक्षतामा कार्यक्रम भएको थियो । पोखरास्थित गण्डकी टेलिभिजनमा कार्यरत पत्रकार पौडेलको वैशाख ३० गते निधन भएको थियो। पोखरा ३३, बागमारा निवासी ४० वर्षीय पौडेल डेढ दशक अघिदेखि पत्रकारितामा सक्रिय थिए। उनका श्रीमती र दुई छोरा छन्।

देशभर १६ जना पत्रकारको निधन नेपालमा कोरोना भाइरस संक्रमणका कारण हालसम्म १६ जना पत्रकारको निधन भएको छ । यस्तै, ८५० जना पत्रकार संक्रमित भएको महासंघका केन्द्रीय सदस्य सरिता पगेनी तिमिल्सिनाले जानकारी दिइन् । उनले पत्रकार महासंघले कोरोना संक्रमणबाट निधन भएका प्रत्येक पत्रकारका परिवारलाई ३० हजार रुपैयाँ उपलव्ध गराउने निर्णय भएको जानकारी दिइन्।

यस्तै, गण्डकीमा कोरोना संक्रमणका कारण दुई जना पत्रकारको निधन भएको छ । गण्डकीमा हालसम्म १०९ जना पत्रकार संक्रमित भएको र अधिकांश निको भइसकेको महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदीले जानकारी दिए।

उनका अनुसार संक्रमितमध्ये हाल सात जना सक्रिय अवस्थामा छन्। उनीहरु होम आइसोलेशनमै रहेका छन्।

# कुमुदीनि होम्स माविका शिक्षिका दुर्गा भाटको उपचारकै क्रममा निधन

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखराको गैह्रापाटनमा रहेको कुमुदीनि होम्स माविका एक शिक्षिकाको उपचारको क्रममा निधन भएको छ।

जनकपुर घर भई विगत १२ बर्ष देखि कुमुदीनि होम्समा पठन पाठन गराउदै आएकी ३६ बर्षकी दुर्गा भाटको पोखराको चरक मेमोरियल अस्पतालको सघन उपचारकक्ष (आईसियू) मा उपचारकै क्रममा मंगलबार निधन भएको विद्यालयले जनाएको छ।

विद्यालयमा हाल प्राइमरी इन्चार्जको भूमिका खेल्दै आएकी भाटको कोरोना संक्रमण देखा परे पश्चात निको भए पनि निमोनियाको कारण उपचारकै क्रममा निधन भएको कुमुदीनि होम्स माविका संस्थापक असोक



पालिखेले बताए।

कोरोनाको केही लक्षण देखा परेसंगै पोखराको फिस्टेल अस्पतालमा दुई दिन उपचार गरेर कोरोना पुष्टि भएसंगै उनको थप उपचारको लागि कोभिड उचार केन्द्र अर्न्तगत चरकमा लगिएको थियो। अस्पतालले भने कोरोनाका कारण उनको फोक्सोमा भएको खरावीले गर्दा मृत्यु भएको बताएको छ । कोरोना संक्रमण निको भए पनि उनको पेटमा रहेको शिशु पेटमै निधन भएको अबस्थाबाट केही दिन अघि निकालिएको उनको परिवारले जनाएको छ । पोखरा रामघाटमा हाल बस्दै आएकी भाटका एक श्रीमान एक छोरा रहेका छन् । यसैबिच, कुमुदीनि होम्स माविले आफ्नो बिद्यालयकी शिक्षिका दुर्गा भाटको निधनको घटना प्रति गहिरो दुःख व्यत्त गरेको छ। विद्यालयमा लामोसमय देखि डिपाटमेन्ट इन्चार्जको रुपमा काम गर्दै आएकी इमानदार, मेहनती र बिद्यालयप्रति लगाव राख्ने असल शिक्षिका गुमाउनु परेकोमा विद्यालय परिवार स्तब्ध भएको विद्यालयले जनाएको छ । मृत आत्मको चिरशान्तिको कामना सहित श्रद्धान्जली एवं उनको परिवारजनमा कुमुदीनि होम्स मावि परिवारले हार्दिक समवेदना समेत व्यक्त गरेको छ।

# मुस्ताङको थासाङका स्वास्थ्य चौकीलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

हिमालपारीको जिल्ला मुस्ताङको थासाङ गाउँपालिकामा रहेका स्वास्थ्य चौकीलाई पोखरा स्थित नेलम्बो नेपालले मंगलवार स्वास्थ्य सुरक्षाका सामग्रीहरु प्रदान गरेको छ।

संस्थाका जनसम्पर्क अधिकृत भीमप्रसाद भण्डारीले त्यहाँका समाजसेवी अभिनाश गौचनलाई सामग्री हस्तान्तरण गर्नुभएको हो ।त्यस अवसरमा पीपिइ १ सय थान, केएन ९५ माक्स पाँच सय पीस, सेनिटाइजर ३० लिटर, १ सय थान फेस शिल्ड, पाँच सय वटा हात धुने साबुन गरी कुल रु.२ लाख १० हजार बरावरका सामग्री प्रदान गरिएको हो। सामग्री हस्तान्तरण गर्दै नेलम्बोका जनसम्पर्क अधिकृत भण्डारीले सम्बन्धित चौकीहरुमा छिटो भन्दा छिटो सामग्री पुग्ने विश्वास व्यक्त



गर्दै संस्थाले गण्डकीका सबै जिल्लामा सक्दो सहयोग गर्ने बताउनुभयो।

सामग्री ग्रहण गर्दै गौचनले नेलम्बो नेपालले उपलब्ध गराएका सामग्रीहरु यथासक्य छिटो आफ्नो गाउँपालिकामा पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो । कोभिड १९ महामारीको यस विषम घडीमा आफ्नो गाउँपालिकालाई नेलम्बो नेपालले दोस्रो पटक सहयोग गरेको भन्दै उहाँले संस्थाको कार्य प्रशम्सा समेत गर्नुभयो।

चार वर्ष अघि स्थापीत नेलम्बोले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा कार्य गर्दै आईरहेको छ। जस अर्न्तगत पछिल्लो पटक अग्रपङतिमा खड्ने जनशक्तिलाई लक्षित गरी कोभिड १९ रोकथामका लागि स्वास्थ्य सुरक्षाका सामग्रीहरु प्रदान गर्दै आईरहेको छ।

# फिस्टेल एकेडेमीले थाल्यो अभिभावकसँग अन्तक्रिया

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

यसै शैक्षिक सत्रबाट अन्तर र्ाष्ट्रिय मापदण्ड अनुसार शैक्षिक कार्यक्रम सुरु गर्न लागेको पोखराको फिस्टेल एकेडेमीले अभिभावकसँग छलफल थालेको छ। बिरौटास्थित आफ्नै १८ रोपनी जग्गामा सुविधासम्पन्न भवन बनाएको फिस्टेलले थप २२ रोपनी जमीनमा खेलमैदान समेत सञ्चालनमा ल्याउन लागेको छ।

कोरोना महामारीका कारण भौतिक रुपमा उपस्थित हुन असम्भव भएकाले जुममार्फत मंगलबार बिहान प्रतिनिधिमूलक रुपमा अभिभावकहरुसँग छलफल गरिएको संस्थापक निर्देशक चिनु रानाभाटले बताए । विश्वका धेरै मुलुक भ्रमण गर्दा र त्यहाँका विद्यालयहरु हेर्दा आफूले पनि त्यस्तै गर्न पाए हुन्थ्यो भन्ने लागेको र त्यसैलाई साकार पार्न सफल भएको उनको भनाइ थियो।

पोखराबाटै धेरै अभिभावकले बाबुनानीहरु स्कुले शिक्षाकै लागि काठमाडौं र भारतका विभिन्न सहरमा पठाउने गरेको अवस्थामा पोखरामै अन्तर्राष्ट्रियस्तरको विद्यालय सञ्चालनको जमर्को आफूले गरेको रानाभाटले बताए। उनले भने, 'युग सुहाउँदो प्रगतिशील शिक्षाका लागि त्यही अनुसारको जनशक्ति हामीले जुटाएका छौं, शिक्षा र अतिरिक्त क्रियाकलपाका लागि हामी कुनै सम्झौता गर्दैनौं ।' कक्षा सुरु हुनु अगाडि अहिले शिक्षकहरुलाई न्युजिल्यान्ड र काठमाडौंको टिमले तालिम दिइरहेको उनले जानकारी गराए।

हाल १२ कक्षासम्मको पढाइ हुने फिस्टेलमा आगामी दिनमा उच्च शिक्षाका कक्षासमेत सञ्चालन गरिने संस्थापक निर्देशक रानाभाट बताउँछन् । फिस्टेलले यसै वर्षबाट साइन्समा ११/१२ को कक्षासमेत सञ्चालन हुँदैछ।

प्रिन्सिपल विशाल क्षेत्रीले शैक्षिक क्षेत्रमा हालसम्म आर्जन गरेको ज्ञान सदुपयोग गर्दै गुणस्तरीय




शिक्षाका लागि आफू लागिरहने प्रतिबद्धता जनाए । सेन्ट जोसेफ स्कुलमा पढेका क्षेत्री यसअघि काठमाडौंको प्रिमियर इन्टर नेसनल कलेजमा कार्यरत थिए । काठमाडौं उपत्यका मात्र नभएर पूर्वदेखि पश्चिमसम्म नाम चलेका स्कुलहरुमा समेत उनले काम गरिसकेका छन्। उनले भने, 'गुणस्तरीय र प्रभावकारी शिक्षाका लागि विद्यालय र अभिभावकबीच नियमित संवाद जरुरी हुन्छ, यसमा हाम्रो जहिले पनि प्राथमिकता रहन्छ ।' कार्यक्रममा एकेडेमिक कोअर्डिनेटर प्रेमा दर्शनाले विद्यालयको भर्ना प्रक्रियाका बारेमा जानकारी गराइन् । आगमी शैक्षिक सत्रका लागि जेठ १३ गते प्रवेश परीक्षा हुने उनले बताइन् । अहिलेको महामारीका कारण प्रवेश परीक्षा भर्चुअल नै गर्न लागेको समेत उनले जानकारी गराइन्।

प्राइमरी इन्चार्ज मीनाक्षी गुरुङले विद्यार्थीहरुलाई समय अनुसारको शिक्षा दिन आगामी शैक्षिक सत्रबाट अन्तर्राष्ट्रियस्तरमै स्थापित आइबी शिक्षा लागु गरिने बताइन् । जसमा विश्वबजारमा आवश्यक पर्ने खालका सबैखाले ज्ञान विद्यार्थीहरुले प्राप्त गर्न सक्छन् । बौद्धिक, ज्ञानबर्द्धक खुराकका साथमा सामाजिक र व्यक्तिगत रुपमा समेत नेतृत्व लिन सक्नेगरी विद्यार्थीहरुलाई शिक्षा प्रदान गरिने प्रतिबद्धता उनले जनाइन्।

कार्यक्रममा अभिभावकहरु किरण केसी, बन्दना केसी, गोपि भट्टराई, सुहानिका अग्रवाल, सुजन कायस्थ, दीपक आचार्य, पत्रकार रमेश पौडेल, दीपेन्द्र श्रेष्ठ लगायतले जिज्ञाशा राख्नुका साथै सुझाव समेत दिएका थिए । पोखरा पर्यटन परिषदका अध्यक्षसमेत रहेका भट्टराईले पोखरामा यस्तो खालको विद्यालय पहिलेदेखि नै खड्केकोमा अहिले आएर बल्लन सञ्चालनमा आएको बताए । उनले भने, ' कोर्सबुकमात्र पढाउने स्कुलहरु छन्, अतिरिक्त क्रियाकलाप पनि ज्यादै कम, बाबुनानीलाई जहिल्यै बाहिर लगेर पठाउन पाए हुन्थ्यो भन्ने लागेको थियो, अब भने ढुक्क भएका छौं।'

कार्यक्रममा शिक्षक, अभिभावक, सञ्चारकर्मीसहित ६० जनाभन्दा बढी सहभागी रहेको शिक्षक कमल लामिछानेले जानकारी दिए।

# सभामुखद्वारा...

हैसियत राख्न सक्छन् भन्ने प्रणालीको विशेषता भएको उल्लेख गर्नुभयो।

राजनीतिक विवादबाट उत्पन्न समस्या समाधानका लागि नै राष्ट्र र जनताले संसद निर्माण गरेको स्मरण गराउदैं उहाँले यस्ता विवादको निकास सदनबाटै आउनुपर्छ, सदनको अस्तित्व भनेको जनताको अस्तित्व हो, जनताको अस्तित्वमाथि कसैले खेलबाड गर्न हुन्न, जनप्रतिनिधिमूलक निकाय सदनबाटै सबै विवादको समाधान खोज्नुपर्छ भन्नुभयो। अर्का पूर्वसभामुख ओनसरी घर्तीले प्रतिधिसभा विघटन राजनीतिक विषय भएकाले जनताको प्रतिनिधिमूलक निकाय सदनको आदेश मान्न सबै तयार हुनुपर्छ भन्नुभयो । सो अवसरमा सभामुख सापकोटाले संविधान, लोकतन्त्र र सदनको रक्षाका लागि लोकतान्त्रिक विधि र प्रकृयाभित्र रही कुनै पनि कदम चाल्न तयार रहेको बताउनुभएको थियो । पूर्वसभामुख कृष्णबहादुर महरा, घर्ती र पौडेल छलफलका लागि बानेश्वर पुग्नुभएको थियो भने पूर्वसभामुख तारानाथ रानाभाट भर्चुअल माध्यमबाट सहभागी हुनुभयो । पूर्वसभामुखहरू दमननाथ ढुङ्गाना र सुवासचन्द्र नेम्बाङ भने उपस्थित हुनुभएन।

# अस्पताललाई १२ लाख को स्वास्थ्य सामग्री

पोखरापत्र संवाददाता
वालिङ, ११ जेठ

यहाँका एक परिवारले गह्रौं प्राथमिक अस्पताललाई १२ लाख बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन्। स्याङ्जाको वालिङ ८ घर भई हाल हङकङमा बस्दै आउनुभएका मोहन गुरुङ (तिला) र बीना गुरुङले स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको हो।


उक्त परिवारले बुबा यामबहादुर गुरुङमार्फत वालिङ नगरप्रमुख दिलीपप्रताप खाँणलाई सामग्री उपलब्ध गराउनुभएको हो । नगरपालिकाले गह्रौं प्राथमिक अस्पतालमा निर्माण गरेको आईसोलेसन कक्षमा प्रयोग गर्ने गरी सहयोग गरेको यामबहादुरले बताउनुभयो।

"हामीले उपलब्ध गराएको स्वास्थ्य सामग्री कोभिडका समयमा र पछिल्लो समयमा पनि उत्तिकै उपयोगी हुने गरी उपलब्ध गराएका छौं", उहाँले भन्नुभयो । अस्पतालका प्रमुख डाक्टर सरोज थापाले दाताले अस्पताललाई आवश्यकता खड्केको सामग्री उपलब्ध गराएर बिरामीहरूको उपचारलाई थप प्रभावकारी बनाउन सहयोग गर्ने बताउनुभयो। बिरामी परीक्षण गर्ने मोनिटर ५ थान, ह्वील चियर १० थान, स्ट्रेचर १० थान, १०० लिटरको अटोक्लेम मेसिन १ थान, पिपिई सेट १०० थान, बिरामी बोक्ने ट्रली २ थान, एण्टिजिन टेष्ट कीट ५० पिस, एन नाईन्टी फाईभ मास्क ३०० थान अस्पताललाई उपलब्ध गराईएको थियो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मुखमा मास्क र गोजीमा स्यानिटाइजरसहित रोपाइँमा व्यस्त किसान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ जेठ**



कोरोना सङ्क्रमणलाई रोक्न स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञाका बीच म्याग्दीका लेकाली क्षेत्रहरूमा कामको माचो शुरु भएको छ।

जिल्लाका बरङ्जा,गौश्वारा, सिमलगायतका सिँचाइको सुविधा भएका र खाली रहेका खेतमा जेठको दोस्रो सातादेखि नै रोपाइँ शुरु भएको हो। म्याग्दीको शहरी क्षेत्रभन्दा बढी ग्रामीण क्षेत्रहरू अहिले कोरोना सङ्क्रमणको चपेटामा परेका भए पनि कामको सिजन शुरु भएकाले स्थानीय कृषक मुखमा मास्क र खल्तीमा स्यानिटाइजरसहित धान रोप्न व्यस्त भएका हुन्। निषेधाज्ञामा शहरबजारसँगै ग्रामीण क्षेत्रसमेत सुनसान भइरहेको बेलामा मङ्गला गाउँपालिका-३ बरङ्जा आल्टामा यतिबेला धान रोप्ने चटारो छ। असार महिनामा जस्तै किसान ब्याडमा राखेको बिउ काढ्न व्यस्त छन्। रोपाहारले धमाधम रोपिरहेका छन्, जुवा, हलो र गोरुको विकल्पमा ट्र्याक्टरले जोतेर हिल्याइरहेको छ। जेठको दोस्रो साता नै यहाँका किसानले आफ्नो खेतबारीमा धमाधम रोपाइँ गरिरहेका छन्। कोरोनाको सङ्क्रमणबाट जोगिन हरसम्भव प्रयास गरेका स्थानीयवासीले विभिन्न गीत गाउँदै रोप्दा आसपासको क्षेत्रमा समेत रमाइलो माहोल बनाइरहेका स्थानीय युवा लोकेश पुन मगरले जानकारी दिनुभयो। हरेक वर्ष यस क्षेत्रमा सबैभन्दा अगाडि असारे धान रोपाइँ हुने गर्छ। जिल्लाभर यो वर्ष गत वर्षभन्दा अगाडि नै धान रोपाइँ हुने अनुमान गरिएको छ।

कुल २१ हजार ६६८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमीन रहेको म्याग्दीमा तीन हजार ८९५ हेक्टरमा धान, ११ हजार ११५ हेक्टरमा मकै, तीन हजार २० हेक्टरमा गहुँ, ८२० हेक्टरमा तरकारी र ६३९ हेक्टर क्षेत्रफलमा फलफूल खेती हुँदै आएको कृषि ज्ञान केन्द्र म्याग्दीको तथ्याङ्क छ। कोरोनासँग लक्षण मिल्ने कृषकलाई खेतबारीमा प्रवेश दिइँदैन भने मास्क र स्यानिटाइजरको प्रयोगमा जोड दिने गरिएको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन्। कोरोना भाइरसको 'चेन ब्रेक' गर्न (सर्ने प्रक्रिया रोक्न) जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले जेठ १७ गतेसम्म निषेधाज्ञा लम्ब्याएको छ।

# सुनिल गायकको म्यूजिकल पोयट्री अन्त्यको सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ जेठ**




नेपाली सांगितिक जंगतमा उदाउदै गरेका गायक सुनिल गायकको म्यूजिकल पोयट्री अन्त्य मंगलबार सार्वजनिक भएको छ।

म्यूजिकल पोयट्रीमा गायक स्वयंले अभिनय र कविताको शब्द लेखन र वाचन गरेका छन्। जसमा रेकर्डिस्ट र अडियोको काममा साहिल गायकले साथ दिएका छन भने भिडियो सुट,इडिट,पब्लिसिटी डिजाइन सबिन गायकले गरेका छन्। भिडियो हेमजाका विभिन्न स्थानमा छायाङ्कन गरिएको छ। साराङ्गी म्यूजिक स्टुडियो तथा सुपु म्युजिक क्रियशनको प्रस्तुती रहेको उक्त भिडियोमा प्रेमलाई विभिन्न कोणबाट प्रस्तुत गरिएको छ। गितमा प्रेम सम्बन्धको उतारचढाव, प्रेम त्याग, प्रेम कुण्ठा, असम्झदारी, एक्लोपनलाई देखाउन खोजिएको छ। भिडियोमा संगीत र कविताको समिश्रण सुन्न र देख्न सकिन्छ। गायकले लकडाउनको समयलाई सदुपयोग गरेको र यसपाली छुट्टै पस्तुती दिएको जानकारी गराए। उनका तिम्रो अभाव, कति माया, के खाइदेको छु र, कहिले भईन गीतहरु बजारमा आइसकेका छन।

गायक हेमजा साहित्य प्रतिष्ठानको सचिव, राष्ट्रिय संगीतकर्मी संघ पोखरा महानगरका अध्यक्ष, हेमजा युनाईटेडका सचिव रहि साहित्यिक, सामाजिक,सांगितिक र सांस्कृतिक दर्जनौ संघ संस्थामा आबद्ध रहेका छन।

# म्याग्दीमा कोरोना संक्रमण दर सदरमुकाममा घट्यो, गाउँमा फैलियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ जेठ**

म्याग्दीको सदरमुकाम बेनी बजारमा कोरोनाको सङ्क्रमण दर घटे पनि ग्रामीण क्षेत्रमा बढेको छ। पछिल्ला केही दिनयता सङ्क्रमित हुनेहरूमा ग्रामीण क्षेत्रका छन्। परीक्षण गरेको ठाउँमा सङ्क्रमित भेटिएका छन्। परीक्षण गरिएकामध्ये ८५ प्रतिशतमा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

बेनी अस्पतालका प्रमुख जितेन्द्र कडेल केही दिनयता बेनी बजारभित्र सङ्क्रमण दर घटे पनि ग्रामीण क्षेत्रमा बढ्दो क्रममा देखिएको बताउनुहुन्छ। सदरमुकाममा सङ्क्रमणदर घट्नुमा वैशाख २२ गतेदेखि भएको निषेधाज्ञाको प्रभाव परेको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका सदस्यहरूको विश्लेषण छ। "बेनी बजारमा नयाँ सङ्क्रमित थपिने क्रम घटेको छ तर ग्रामीण क्षेत्रमा थपिएकाले समग्र जिल्लाको अवस्था स्थिर छ", डाक्टर कडेलले भन्नुभयो, "ग्रामीण क्षेत्रमा परीक्षणको दायरा बढाएसँगै सङ्क्रमित पहिचान हुन थालेका हुन्।" बेनी अस्पतालको आइसोलेशनमा उपचाररत अधिकांश सङ्क्रमित नगरपालिकाको ग्रामीण क्षेत्र र पालिकाको आइसोलेशनबाट रिफर भएर आएकाहरू छन्।

निषेधाज्ञा भएपछि शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा गएका तथा अन्य माध्यमबाट भित्रिएको कोरोनाको सङ्क्रमण विवाह, चौरासी, व्रतबन्ध, छेवार, किरिया जस्ता सांस्कृतिक कार्यमा भएको जमघट र भोज भतेरमार्फत फैलिएको स्वास्थ्य कार्यालय म्याग्दीका निमित्त प्रमुख एकनारायण लम्सालले बताउनुभयो। सोमबार पछिल्लो २४ घण्टामा म्याग्दीका ६५ सङ्क्रमितमध्ये अधिकांश ग्रामीण क्षेत्रका छन्। योसँगै म्याग्दीमा कोरोना सङ्क्रमितको सङ्ख्या एक हजार ५५३ पुगेको छ। पछिल्लो २४ घण्टामा ३५ सङ्क्रमित निको भएर आइसोलेशनमुक्त भएका छन्। म्याग्दीमा ५२० सक्रिय सङ्क्रमित छन्। बेनी नगरपालिकाका स्वास्थ्य शाखा संयोजक लीला गौतमका अनुसार नगर क्षेत्रमा पछिल्लो पटक घतान, अर्थुङ्गे र भकिम्लीमा सङ्क्रमण फैलिएको छ। भकिम्लीमा ३२ जना लक्षण देखिएका र शङ्कास्पदको स्वाबको नमूना परीक्षण गर्दा २८ जनामा सङ्क्रमण पुष्टि भएको उहाँले बताउनुभयो।

यसैगरी रघुगङ्गा गाउँपालिकाको पिप्ले, दग्नाम र चिमखोलामा सङ्क्रमण फैलिएको छ। केही दिनअघि वडा नं ५ को छिस्वाङमा फैलिएको कोरोना केही दिनयता मङ्गलाको वडा नं ३ मा पर्ने बरङ्जा क्षेत्रमा बढेको छ।

एक हप्ताअघिसम्म न्यून मात्रामा सङ्क्रमित भएको मालिका गाउँपालिकाको देविस्थान, रुम, डाडागाउँ र निस्कोटमा देखिएको छ। मालिकामा रुमका ३२, देविस्थानका २३, निस्कोटमा नौ, डाडागाउँमा आठ, ओखरबोटमा छ र दरवाङमा एक जना सङ्क्रमित छन्। अन्नपूर्णको दोवामा पनि कोरोना सङ्क्रमित भेटिएका छन्। धवलागिरिको ताकम र लुलाङमा पनि सङ्क्रमणको अवस्था स्थिर देखिएको छ। स्वास्थ्य सुरक्षाको मापदण्ड पालनामा भएको लापरवाहीका कारण ग्रामीण क्षेत्रमा कोरोना महामारी नियन्त्रणमा चुनौती देखिएको छ। म्याग्दीको गुर्जा, बिम, मल्कवाङ, कुइनेमङ्गले, पाखापानी, झिँ र राम्चेबाहेकका वडाहरू कोरोना महामारीबाट प्रभावित भएका छन्।

# प्रयोगशाला निर्माणका लागि १२ लाख संकलन

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ जेठ**

व्यासनगरपालिकाले वडा नं १० दुम्सीबजारस्थित आधारभूत स्वास्थ्य केन्द्र भवनलाई पिसिआर परीक्षण प्रयोगशाला बनाउनका लागि रु १२ लाख पचास हजार सङ्कलन भएको जनाएको छ।

पिसिआर परीक्षण प्रयोगशालाका लागि अस्थायी संरचना निर्माण गर्नुपर्ने भएकाले व्यासका केही जनप्रतिनिधिले एक महिना बराबरको सुविधा रकम सहयोग गर्दा उक्त रकम सुङ्कलन भएको हो।

करिब एक महिनाभित्र सेवा प्रदान गर्ने गरी छिट्टै बोलपत्र आह्वान गर्ने योजना रहेको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। एक हप्ताको बोलपत्र आह्वानपश्चात् भौतिक संरचना निर्माण अघि बढाइने छ। उहाँले भन्नुभयो, "गण्डकी प्रदेश मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहित जिल्लाका निवर्तमान सांसदबाट समेत आर्थिक सहयोगका लागि आश्वसन पाएका छौं।"

उक्त अभियानमा नगरपालिका मातहतका चौधवटै वडाका जनप्रतिनिधिलाई एक महिना बराबरको सुविधा सहयोग गर्न अनुरोध गरिएको छ। जिल्लामा पिसिआर परीक्षण प्रयोगशाला नहुँदा गण्डकी प्रदेश जनस्वास्थ्य प्रयोगशाला पठाउँदा रिपोर्ट आउन एक हप्ताभन्दा बढी समय लाग्ने भएपछि छिटो सेवा दिन जिल्लामै पिसिआर परीक्षणको व्यवस्था गर्न लागिएको हो। केही दिनअघि नपा कार्यालयमा बसेको अन्तरपालिका बैठकले समेत जिल्लामै पिसिआर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्नुपर्ने निर्णय गरेको थियो। व्यास-४ स्थित सिर्जनशील दिदीबहिनी समूहले प्रयोगशाला निर्माणका लागि रु ५० हजार पाँच सहयोग गरेको छ। प्रयोगशाला निर्माणका लागि सम्पूर्ण कर्मचारी, शिक्षक एवं अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्था, बैंक तथा वित्तीय संस्थालगायत उद्योगी व्यवसायीलाई सहयोगका लागि अनुरोध गरिएको नपाले जनाएको छ।

उक्त आधारभूत स्वास्थ्य केन्द्र परिसरमा रहेको करिब १० रोपनी सार्वजनिक जग्गा प्रयोगमा ल्याई अस्थायी संरचना निर्माण गर्ने योजना रहेको वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो। उक्त स्थानमा कम्तीमा ५० शय्याको आइसोलेशनलगायतका संरचना निर्माण गरिनेछ।

# पालिकामा अक्सिजनसहितका आइसोलेशन

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ जेठ**

सीमित स्रोत साधनका बावजुत पनि यहाँका स्थानीय तह कोरोना महामारीकाविरूद्ध जुधिरहेका छन्।

सङ्क्रमण रोक्न स्वास्थ्य सचेतना फैलाउनेदेखि रोकथाम र उपचारमा आफ्नो बुताले भ्याएसम्म लागिपरेका छन्। गाउँ-गाउँमा सङ्क्रमण तीव्र बनेपछि सुविधायुक्त आइसोलेशन निर्माणमा स्थानीय तहसँग देश विदेशका सहयोगी संस्था/व्यक्तिले समेत हातेमालो गरिरहेका छन्। बडिगाड गाउँपालिकाले सोमबारदेखि अक्सिजनसहित १० शय्याको आइसोलेशनकक्ष सञ्चालनमा ल्याएको छ।

आइसोलेशनमा आठ वटा कन्सन्ट्रेटर, ठूलो-सानो गरी २४ वटा अक्सिजन सिलिण्डर व्यवस्थापन गरिएको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख चुडामणी कँडेलले जानकारी दिनुभयो। "आइसोलेशन त पहिले नै बनेको हो, अक्सिजनसहित सुविधा अहिले थप भएको छ", उहाँले भन्नुभयो, "अब अक्सिजन चाहिने सङ्क्रमितको उपचार यहीँ हुन्छ।" उच्च मात्रामा अक्सिजन चाहिने जटिल अवस्थाका सङ्क्रमितलाई भने अस्पताल पठाइने प्रमुख कँडेलले बताउनुभयो। स्थानीय त्रिभुवन नमुना माध्यमिक विद्यालयमा सञ्चालित उक्त आइसोलेशन केन्द्रमा एक जना मेडिकल अधिकृतसहित पाँच जना स्वास्थ्यकर्मी र सहयोगी खटिएका छन्। सङ्क्रमितलाई आइसोलेशनसम्म ल्याउन र अस्पताल पठाउनुपर्ने भएमा एम्बुलेन्स पनि तयारी अवस्थामा राखिएको गाउँपालिकाले जनाएको छ। अक्सिजन सिलिण्डर, शय्यालगायत स्वास्थ्य सामग्री खरिदका लागि प्रवासमा रहेका बडिगाडवासीले रू १३ लाखबढी आर्थिक सहयोग गरेका थिए।

समुदायमा सङ्क्रमण फैलिएर मानिसको ज्यानै जान थालेपछि उपकरण र स्वास्थ्य सामग्रीको जोहोका लागि आर्थिक अभियान नै चलेको थियो। बडिगाड-४, २, ५ र ७ मा कोरोना सङ्क्रमण बढी छ। दश दिनको अन्तरालमा वडा नं ४ का चार जनाले कोरोनाकै कारण ज्यान गुमाउनुपरेको थियो।

"हाल गाउँपालिकाभरिमा ३० जना सक्रिय सङ्क्रमित हुनुहुन्छ, सङ्क्रमण फैलने क्रम रहे पनि नियन्त्रणबाहिर भने छैन", प्रमुख कँडेलले भन्नुभयो, "अझैं दुई सातासम्म कडाइ गरियो भने महामारी रोकथाममा धेरै सुधार हुने देखिन्छ।" गत वैशाख दोस्रो साताातिर भएका विवाहका कारण जलजलालगायत गाउँमा सङ्क्रमण फैलिएको थियो।

अस्पतालमा शय्या र अक्सिजन पाउनै कठिन हुनथालेपछि स्थानीय तहले अक्सिजनसहित आइसोलेशन निर्माणमा जुटेका हुन्। ताराखोला गाउँपालिकामा पनि १५ शय्याको अक्सिजनजडित आइसोलेशनकक्ष सञ्चालित छ। ताराखोलामा हाल सात जना मात्र सक्रिय सङ्क्रमित रहेको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीमगरले बताउनुभयो। जेठ भित्रमा ताराखोलालाई शून्य सङ्क्रमणमा पुऱ्याउने लक्ष्यसहित रोकथाम र नियन्त्रणका काममा लागिएको उहाँको भनाइ छ। जिल्लाका अन्य स्थानीय तहले पनि आइसोलेशनलाई सुविधायुक्त बनाउँदै लगेका छन्। दोस्रो लहरको कोरोना तीव्ररूपमा फैलने र सङ्क्रमितमा स्वासप्रस्वासको समस्या बढी देखिन थालेपछि अक्सिजन चाहिन थालेको हो।

जिल्लामा दैनिक सयको हाराकारीमा सङ्क्रमित थपिने गरेका छन्। स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौका अनुसार आइतबारसम्मको आँकडाअनुसार जिल्लामा सक्रिया सङ्क्रमितको ७८८ छ। समुदायस्तरमा व्यापकरूपमा कोरोना फैलिएको उहाँको भनाइ छ।

परीक्षण गरिएकामध्ये ६० देखि ८० प्रतिसतसम्ममा कोरोना सङ्क्रमण पुष्टि हुने गरेको प्रमुख गुरौले बताउनुभयो। "निषेधाज्ञाले सङ्क्रमण अनियन्त्रित हुन पाएको छैन, फैलने क्रम केही कम हुँदै गएको देखिन्छ", उहाँले भन्नुभयो, "कोरोना रोकथाम र नियन्त्रणका लागि स्थानीय तहले सुक्ष्म योजना बनाएर काम थालेका छन्।"

# निर्माण हुँदै प्रदेश जोड्ने पुल

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ जेठ**

गण्डकी प्रदेशको तनहुँ र लुम्बिनी प्रदेशको पाल्पा जोड्ने गरी निर्माण शुरू भएको पक्की पुलको कामलाई तीव्रता दिइएको छ। कोरोना कहरका कारण गरिएको निषेधाज्ञाका बीचमा पनि स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर पुल निर्माणको कामलाई गति दिइएको हो।

तनहुँको घिरिङ गाउँपालिका-१ पुट्टार र पाल्पाको रामपुर नगरपालिका-१ स्याउलीबजार जोड्ने कालीगण्डकी नदीमाथि बन्न लागेको पुलको कामलाई निषेधाज्ञाकै अवधिमा अगाडि बढाइएको पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो। जिल्ला प्रशासन कार्यालय तनहुँले सरकारी योजनाबाट सञ्चालन हुने विकास निर्माणका कामलाई स्वास्थ्य मापदण्ड अपनाएर सञ्चालन गर्न अनुमति दिएको छ।

वर्षाअगावै पुलको बीचको पिल्लरको भाग सम्पन्न गर्ने लक्ष्यसहित कामलाई अगाडि बढाइएको उहाँले बताउनुभयो। "वर्षा लागेर नदी बढेपछि काम गर्न सकिँदैन, वर्षा अगावै बीचको काम सम्पन्न गर्ने सके सजिलो हुन्छ," सिग्देलले भन्नुभयो, "नदीको भागमा चाँही हिउँद लागेपछि शुरू गर्ने तयारी गरेका छौं।" सिग्देलका अनुसार तनहुँतर्फको फाउण्डेशनको काम सकिएको छ भने पाल्पातर्फको काम हुन बाँकी छ।

दुई सय १० मिटर लामो पुल निर्माणको जिम्मा काठमाडौँस्थित शर्मा जेभी एण्ड युनाइटेड विल्डर्सले पाएको छ। हालसम्मको पुलको ३० प्रतिशत काम सकिएको छ। पुल निर्माण सम्पन्न गर्नुपर्ने म्याद १५ महिना बाँकी छ। उक्त पुल तनहुँ र पाल्पा जोड्ने एकमात्र पक्की पुल हो।

पुल योजना पश्चिमक्षेत्र सेक्टर नं ४ को प्रत्यक्ष निर्देशन र निरीक्षणमा पुल निर्माण भइरहेको छ।

पुल निर्माणको अनुगमनका लागि इन्जिनियर खगेन्द्र जोशी, आशिष नेपाल, निर्माण कम्पनीका इन्जिनियर यादव बस्याल र सुदर्शन कोइराला कार्यस्थलमा खटिनुभएको छ। डबल लेन प्रविधिमा निर्माण हुने पुल रू २७ करोड लागतमा सङ्घीय सरकारको बजेटमार्फत् निर्माण हुन लागेको हो। कालीगण्डकी नदीमा पुल नहुँदा पुट्टार र स्याउलीका सर्वसाधारण पाल्पाको निस्दी गाउँपालिका हुँदै लामो दूरीबाट यात्रा गर्न बाध्य छन्। यहाँ पुल निर्माण शुरू भएपछि स्थानीयवासी पनि खुशी छन्।

पुल नहुँदा नजिकै रहेको स्याउली बजार जान पनि घुमेर जाँदा टाढा पर्थ्यो। पुल निर्माण भएपछि सहजरूपमा आवातजावात गर्न सकिन्छ। मोटरेवल पुल निर्माण भएपछि दुई स्थानीय तहका हजारौँ सर्वसाधारण लाभान्वित हुनेछन्।

# माफ गरिदेउ बुद्ध



**वामनप्रसाद ढेवाजू**
**गौडाकोमुख-१३**

हे बुद्ध तिमीले
शान्तिको बाटो देखायौ
सत्य निष्ठाको बाटो देखायौ
मुक्तिको बाटो पनि देखायौ।
हिड्न सकेनौ हामी मानिस
तिमीले देखाएको बाटोमा।

हे बुद्ध तिमीले
हत्या हिंसा गर्नु हुँदैन।
भनि सबलाई भनेकै थियौ
अहिंसाको बाटो हिड्न भनेकै थियौ।
हत्या हिंसा बढेको छ आज
हिड्न सकेनौ हामी आज
तिमीले देखाएको बाटोमा।

हे बुद्ध तिमीले
सत्यबोल्न भनेकै थियौ
निस्वार्थ भई काम गर्न भनेकै थियो
सत्मार्ग हिड्न पनि भनेकै थियौ।
सत्यबोल्न सकेनौ, निस्वार्थ हुन सकेनौ
तिमीले देखाएको बाटो हिड्न सकेनौ।

हे बुद्ध तिमीले
देखाएको बाटो राम्रो नै थियो
सन्देश नै राम्रा थियो तिमीले दिएको।
सकेनौ हिड्न तिमीले देखाएको बाटो
अशान्ति र दुःखको बाटो रोज्यौ हामीले।
माफ गरिदेउ हे बुद्ध हामीलाई
तिमीले देखाएको बाटो सकेनौ हिड्न
माफ गरिदेउ हे बुद्ध हामीलाई।